# राष्ट्रिय मानव अधिकार आयोग र निर्वाचन आयोग बीचको निर्वाचन अनुगमनसम्बन्धी समझदारी-पत्र

राष्ट्रिय मानव अधिकार आयोग र निर्वाचन आयोगले आगामी स्थानीय तहको निर्वाचनमा मानव अधिकारको दृष्टिकोणबाट स्वच्छ, निष्पक्ष र सहज रूपले नागरिकले मताधिकारको प्रयोग गर्न सक्ने वातावरणको लागि मतदाता शिक्षा, सचेतना अभिमुखीकरण तथा अनुगमन गर्न गराउन निम्न लिखित प्रावधानहरू प्रति दुबै आयोगहरू सहमत गर्दछन् ।

१. मतदाता शिक्षा तथा मताधिकार सूचना सम्बन्धी सचेतनाका लागि दुबै आयोग संयुक्त रूपमा वा आवश्यकता अनुसार छुट्टाछुट्टै आवश्यक सामग्री प्रकाशन, निर्माण, प्रचार/प्रसारण गर्न सहमत छन् ।

२. आफूसँग उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै राष्ट्रिय मानव अधिकार आयोगले देशव्यापी रूपमा निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चातको मानव अधिकार अवस्थाको अनुगमन समावेशिताको सिद्धान्त समेतको दृष्टिकोणबाट गर्नेछ । यस अनुगमन कार्यलाई सहजीकरणका लागि दुई आयोग बीच आवश्यक सहयोग आदान प्रदान हुन सक्नेछ ।

३. राष्ट्रिय मानव अधिकार आयोगले गरेको अनुगमनको क्रममा देखिएका समस्या तथा कमीकमजोरीहरूको बारेमा निर्वाचन आयोगलाई यथाशिघ्र जानकारी गराइने छ र त्यस्ता समस्याको समाधानको लागि आपसी सहयोग र सहकार्यका लागि दुबै आयोग सहमत छन् ।

४. दुबै आयोगले सचिवस्तरीय संयुक्त समन्वय र सहकार्य संयन्त्र स्थापना गरी कार्य गर्नेछन् ।

५. राष्ट्रिय मानव अधिकार आयोग र निर्वाचन आयोगले एक अर्काको क्षेत्राधिकारको सम्मान गरी आफ्ना कार्यहरू स्वतन्त्ररूपमा गर्नेछन् ।

६. निर्वाचन परिणाम घोषणा भएपछि ३० दिनभित्र राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन प्रतिवेदन सार्वजनिक गर्नेछ ।

७. निर्वाचन परिणामको अन्तिम घोषणा पश्चात् यो समझदारीपत्र स्वतः समाप्त भएको मानिनेछ ।

| | |
|---|---|
| (गोपीनाथ मैनाली) | (वेदप्रसाद भट्टराई) |
| सचिव | सचिव |
| निर्वाचन आयोगको तर्फबाट | राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट |

मिति : २०७४/१/१४